का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २५२
- १६ कात्तिक २०७८, मंगलबार
- 2 November 2021, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १० मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# एमाले सबैतिर प्रतिपक्ष

नेकपा एमालेका नेता भीम आचार्यले प्रदेश-१ को मुख्यमन्त्रीबाट राजीनामा दिएसँगै अब नेकपा एमाले संघ र सातै प्रदेशमा प्रतिपक्षी दल बन्न पुगेको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विभाजनसँगै संघ र प्रदेश सरकारको बहुमत गुमाउन थालेका एमाले पूरा प्रतिपक्षी बनेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक ।

प्रदेश-१ का मुख्यमन्त्री भीम आचार्यले सोमबार राजीनामा दिएपछि संसद्को सवैभन्दा ठूलो दल नेकपा एमालेले चारै प्रदेश सरकार गुमाएको छ। आचार्यले प्रदेशसभामा राजीनामा बुझाएपछि प्रदेश-१ मा गठबन्धनले सरकार बनाउने भएको छ। सोमबार नै नेकपा (एकीकृत समाजवादी) का नेता राजेन्द्र राईले दावी पेश गरेका छन्। राई मुख्यमन्त्री बनाउने गठबन्धनका सांसदहरुले समर्थन जनाएका छन् ।

नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी (जसपा) ले समर्थन गरेपछि राईलाई मुख्यमन्त्री बनाउन ४९ सांसदको हस्ताक्षर प्रदेश प्रमुख कार्यालयमा बुझाइएको छ । यो प्रदेशमा एमालेको एकल सरकार थियो ।

तर गएको २ भदौमा नेकपा एमाले विभाजित भएर एकीकृत समाजवादी बनेपछि प्रदेश सरकार गुमाएको हो । विभाजन अगाडि यो प्रदेशमा एमालेको ५१ सांसद थियो । यो भनेको ९२ सदस्यीय प्रदेशसभाको बहुमत बाँकी पृष्ठ २ मा



## एमाले एक्लै बहुमत ल्याउँछः ओली

"हामीले एकल बहुमत ल्याउनुपर्छ । प्रत्यक्षमा र समानुपातिकमा कम्तीमा ५०/५० प्रतिशतभन्दा बढी ल्याउनैपर्छ, त्यसको तयारी गर्नुहोस्, एमाले वैशाखी टेकेर होइन, एक्लै चुनावमा जान्छ ।

भरतपुर/रासस- नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आगामी संसदीय निर्वाचनमा पार्टीले एकल बहुमत ल्याउने बताएका छन् । नेकपा (एमाले) भरतपुर महानगर कमिटीको प्रथम महानगर अधिवेशनमा ओलीले कसैसँग नमिलिकनै एमालेले बहुमत ल्याउने बताए ।

१०औं महाधिवेशन सम्पन्न गरेर निर्वाचनको तयारीमा जुट्ने बताए । "हामीले एकल बहुमत ल्याउनुपर्छ । प्रत्यक्षमा र समानुपातिकमा कम्तीमा ५०/५० प्रतिशतभन्दा बढी ल्याउनैपर्छ, त्यसको तयारी गर्नुहोस्, एमाले वैशाखी टेकेर होइन, एक्लै चुनावमा जान्छ", ओलीको भनाइ थियो । नेकपा एमाले बहुमतको संकल्पका साथ अघि बढेको उनले बताए ।

पाँच दलीय गठबन्धन निर्वाचनसम्म मिल्ने चर्चा चलिरहेको भन्दै ओलीले भने, "जोजो मिलेर आए पनि एमालले सामना गर्छ ।" एमालेले लोकतन्त्रमा विश्वास गर्ने भन्दै उनले जनताले दिएको प्रत्येक मतलाई सम्मान गर्ने बताए । "अब फेरि कसैले मतपत्र च्यातेर चुनाव जित्छु भन्ने सपना नदेख्दा हुन्छ", उनले भने । आफूहरु तीनै तहमा बहुमत ल्याउने संकल्पका साथ अगाडि बढेको बताए ।

एमाले पदका लागि नभएर देश बनाउनका लागि खुलेको पार्टी भएको उनले बताउ । ओलीले भने, "हामी समाजवाद ल्याउन चाहन्छौं, समाजवादको आधार तयार पार्न 'समृद्ध नेपाल सुखी नेपाली'को नारालाई साकार पार्नुपर्छ ।" पार्टीको अधिवेशनमा पारस्परिक अन्तरविरोधलाई त्यागेर भविष्यका लागि मिलेर जान आवश्यक रहेको ओलीले बताए । "हिजो के के भयो भन्ने बिर्सिनुहोस्, अब पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढ्नुहोस्", ओलीले भने ।

### गठबन्धनमा सकस

# कर्णालीका मुख्यमन्त्रीले दिए राजीनामा

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनपछि शुरु भएको राजनीतिक अस्थिरता रोकिएको छैन । जस्तो- गठबन्धन बीच सहमति जुटाउन कर्णाली प्रदेशका मुख्यमन्त्री महिन्द्रबहादुर शाहीले सोमबार मात्रै राजीनामा दिए ।

**यामराज विष्ट/मध्यान्ह**
सुर्खेत, १५ कात्तिक ।

कर्णाली प्रदेशका मुख्यमन्त्री महिन्द्रबहादुर शाहीले सोमबार पदबाट राजीनामा दिएका छन् । गठबन्धनको सहमतिमा शाहीले राजीनामा दिएका हुन् । नेकपा एमालेले समर्थन फिर्ता लिएपछि शाहीले गएको ३ वैशाखमा विश्वासको मत पाउँदै मुख्यमन्त्रीमा निरन्तरता पाएका थिए । त्यसअघि शाहीले दुई पटक अविश्वासको प्रस्ताव सामना गरेका थिए । तर एमालेको प्रयास असफल पार्दै शाहीले मुख्यमन्त्रीमा निरन्तरता पाएका थिए।



३ वैशाखमा विश्वासको मत पाउँदा शाहीलाई नेकपा (माओवादी केन्द्र) का १२, नेपाली काँग्रेसका ६ र एमालेबाट फ्लोर क्रस गरेर चार सांसदले विश्वासको मत दिएका थिए । विश्वासको मत दिने चार सांसदलाई पदमुक्त गर्ने एमालेको निर्णयमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको थियो। तर अन्तिम सुनुवाइ गर्दै पदमुक्त गरिदियो। चार सांसद पदमुक्त भएपछि मुख्यमन्त्री शाहीको फेरि पनि पद जोगियो ।

४० सदस्यीय प्रदेशसभामा माओवादी केन्द्रका एक सांसदले एमाले रोजेपछि पदमुक्त भए। एमालेका चार सांसद पदुमक्त भएसँग ३५ सदस्यीय प्रदेशसभा कायम छ । तर माओवादी केन्द्र र काँग्रेससँग १८ सांसद छन्। चार सांसद पदमुक्त बाँकी पृष्ठ २ मा

# राजीनामा नदिए महाअभियोग !

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक ।

एक सातापछि सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिटमा सुनुवाइ भएको छ । ७ कात्तिक देखि सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणमा समेत सुनुवाइ रोकिएको थियो । तर आइतबार प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासँग न्यायाधीशहरुका प्रतिनिधिहरुले छलफल गरेपछि सोमबार सुनुवाइ भएको हो । आइतबार न्यायाधीशहरुका तर्फबाट अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र मनोजकुमार शर्माले प्रधानन्यायाधीश जबरासँग छलफल गरेका थिए ।

त्यसको भोलिपल्ट बन्दी प्रत्यक्षीकरणको मुद्दामा सुनुवाइ भएको छ । तर अन्य मुद्दाको सुनुवाइ भने सोमबार पनि भएन । सर्वोच्च अदालतका न्यायाधीशहरुले प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै ७ कात्तिकदेखि इजलासमा बसेका छैनन्। जबराको नेतृत्वमा सर्वोच्च अदालतको विश्वास र गरीमा नजोगिने भन्दै राजीनामाको माग गरेका छन् । तर प्रधानन्यायाधीश



जबराले भने राजीनामा नगर्ने अडान लिएका छन् ।

जबकी अदालतका न्यायाधीशहरुले फुलकोर्ट र इजलास बहिष्कार गरेका छन् । नेपाल बार एशोसिएशन आइतबारदेखि आन्दोलनमै उत्रिएका छन् । बारले प्रधानन्यायाधीश जबराको माग राखेर आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् । चार जना पूर्वप्रधानन्यायाधीश र पूर्व न्यायाधीशहरुले पनि प्रधानन्यायाधीश जबराले राजीनामा गर्नुपर्ने सुझाव बाँकी पृष्ठ २ मा

# उपराष्ट्रपतिद्वारा प्रो. मियाँ लिखित कतारसम्बन्धी पुस्तक लोकार्पण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ कात्तिक

उपराष्ट्रपति नन्द किशोर पुनले प्रोफेसर डाक्टर मोहम्मद रमजान अलि मियाँको 'मैले देखेको कतार' पुस्तक लोकार्पण गरेका छन् । सन् २००७ को अप्रिलमा कतार गएका मियाँले १५ वर्षको कतार बसाइको अनुभव समेटी 'मैले देखेको कतार' पुस्तक सार्वजनिक गरेका हुन् ।

व्यक्तिगत रूपमा यो उनको ३७ औं कृति हो । कतारको विकास र समृद्धिमा नेपाली कामदारले पुऱ्याएको योगदानको चर्चा गर्दै लेखक मियाँले आफ्नो कृतिमा नेपालको विकासमा कतारको सहयोग कसरी लिन सकिन्छ भन्ने विषयमा जोड दिएको बताए ।

कतारमा विभिन्न पेशा व्यवसाय गरी बसेका नेपालीको इतिहास, नेपाली कामदारको योगदान, कतारको इतिहासलगायतका विषय समेटिएको भन्दै लेखक




प्रा. मियाँले पुस्तक कतारमा ज्यान गुमाएका २ हजार ५ सय ७७ नेपालीले ज्यानको आहुति दिएको विषयलाई गम्भीरताका साथ समेटिएको बताए । उनले भने, 'कतार विश्वकपअघि प्राणको आहुति दिएका नेपाली कामदारप्रति कतारका तर्फबाट सम्मान व्यक्त गरिनुपर्ने मेरो मान्यता रहेको छ । यो नेपाली कामदारको श्रम र योगदानको सम्मानको विषय पनि हो ।'

घोस्ट राइटिङ नेपालले प्रकाशन गरेको पुस्तक ४ सय ७७ पृष्ठको छ। पुस्तकको छिट्टै अरबी र अंग्रेजी संस्करण पनि प्रकाशन गर्ने तयारी रहेको बताइएको छ। पुस्तक लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै उपराष्ट्रपति पुनले प्रोफेसर मियाँको पुस्तकले रोजगारका लागि गएर उतै बसोबास र कतारको विकासमा योगदान पुऱ्याएका नेपालीको योगदान, दुई देशबीचको सम्बन्ध उचाइ पुऱ्याउने विश्वास लिएको बताए । कतारमा त्यहाँको भाषा संस्कृति र अर्थतन्त्र बुझेको व्यक्ति राजदूत भएमा नेपालीको आर्थिक विकासका लागि महत्वपूर्ण हुने भन्दै उपराष्ट्रपति पुनले प्रो डा मियाँ राजदूतका लागि योग्य रहेको टिप्पणी गरे ।

ओमानका लागि निवर्तमान राजदूत डा. शर्मिला पराजुली ढकालले मध्यपूर्वका बाँकी पृष्ठ २ मा


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PASTAMATRIX RESTAURANT MANAGEMENT CO.WLL   शहर : KUWAIT**

पूर्व स्वीकृत मितिः २०७८/०७/१५   चलानी नं.: ६०१६६७३४   LT. No.: 249632

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 140 | ५५,४६६ | | | | | | | |
| 3. | Waiters | 0 | 8 | | 130 | ५१,५०५ | | | | | | | |
| 4. | Kitchen Helper | 2 | 0 | | 110 | ४३,५८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २३ गते (9 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SURKHET OVERSEAS PVT. LTD.**
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457, Mob. No.: 9801026395, 9851235143, 9851322884 | Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com



**VACANCY ANNOUNCEMENT**

One of the premium and leading recruitment company **"OXFORD INTERNATIONAL PVT. LTD."** is seeking for professional and challenging Staffs for the below positions:

**ADMIN MANAGER** — 1
- *Experience:* 5 years in Recruitment Company
- *Education:* Master Degree

**OPERATION MANAGER** — 1
- *Experience:* 5 years in Recruitment Company
- *Education:* Master Degree

**PUBLIC RELATION OFFICER** — 5
- *Experience:* 3 years in Recruitment Company
- *Education:* +2

**DOCUMENTATION OFFICER** — 3
- *Experience:* 3 years in Recruitment or other corporate company
- *Education:* Bachelor Degree

**OXFORD INTERNATIONAL PVT. LTD.**
Kusunti Height, Ekantakuna, Lalitpur, Tel.: 01-5555531
Lic. No. 910/067/068
Please drop your Resume / Cover letter at scd@oxfordint.com.np



## म्यानपावर बिक्रीमा

Saudi ID सहित चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, मेनपावर बिक्रीमा रहेकोले ईच्छुक महानुभावहरुले तु-सम्पर्क गर्नु होला ।

सम्पर्कः ९८०१०७०५९८/९८०८५५४३९२

# अपाङ्गता भएकाहरुलाई खाद्यान्न वितरण

**दिवश ढकाल/मध्यान्ह**
नुवाकोट, १५ कात्तिक

नुवाकोटको लिखु गाउँपालिकामा अपाङ्गता भएका ब्यक्तिहरुलाई खाद्यान्न वितरण गरिएको छ । सोमबार एक कार्यक्रमकाबीच लिखु गाउँपालिकाका अपाङ्गता भएका व्यक्तिहरु मध्ये अति विपन्न, दलित तथा जनजातीहरु छनोट गरि ५० जनालाई खाद्यन्न वितरण गरिएको गाउँपालिका अध्यक्ष ध्रुव श्रेष्ठले बताए । अपाङ्ग सेवा संघको आयोजना, जुनकिरी म्यूजिक प्रा.लि. र समाजसेवी धनकुमारी थापा सरुको संयोजन तथा लुम्विनी विकास बैंक केन्द्रिय कार्यलयको आर्थिक सहयोगमा अपाङ्गता भएका ब्यक्तिहरुलाई चामल, नुन, तेल, चिनी चियापत्ती लगायतको खाद्य सामाग्री वितरण गरिएको बताइएको छ ।

खाद्यान्न वितरण कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशसभा सदस्य कल्पना नेपालीले अपाङ्ग हुँदैमा को ही असक्षम नहुने बताएकी थिइन् । उनले आफू अपाङ्ग छु भनेर आफूलाई कहिले कमजोर नबनाउन समेत आग्रह गरेकी थिइन् ।

कार्यक्रममा सपाङ्ग जत्तिकै अधिकार अपाङ्ग भएका व्यक्तिहरुको पनि रहेको लिखु गाउँपालिका अध्यक्ष ध्रुव श्रेष्ठले बताए । गाउँपालिका अध्यक्ष श्रेष्ठले गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर बनाउन विभिन्न किसिमका तालिमहरु ल्याएको र आगामी दिनमा सो ही कार्यक्रमलाई निरन्तरता दिन गाउँपालिकाले १० लाख रुपैँया बजेट विनियोजन समेत गरेको बताए । अपाङ्गता भएका व्यक्तिहरुलाई क्षमताले भ्याउने सिपमूलक कार्यहरुमा लाग्न गाउँपालिकाले प्रेरित गरिरहेको उनले बताए । कार्यक्रममा लिखु गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिमबहादुर रोक्काले अपाङ्गता भएका व्यक्तिहरुलाई भावनात्मक सहयोगको सबै भन्दा बढी आवश्यक पर्ने भएकोले त्यसमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताएका थिए । कार्यक्रममा लिखु गाउँपालिका-१ का वडा अध्यक्ष नरहरी पाण्डे, वडा नम्बर-६ का वडा अध्यक्ष हरिशरण लामिछाने, सामाजिक विकास शाखा प्रमुख पार्वती उप्रेती लगायतले अपाङ्गता भएका व्यक्तिहरुको विकासका लागि यसैगरी सहयोगि हातहरु बढाउनुपर्ने बताएका थिए । लिखु गाउँपालिकामा महिला र पुरुष गरि ३ सय ८१ जना अपाङ्ता भएका व्यक्तिहरु रहका छन् ।

### एमाले....

हो । तर १० सांसदले एमाले छोडेर एकीकृत समाजवादी रोजे । एकीकृत समाजवादीमा १० सांसद गएसँगै एमालेले बहुमत गुमाएको थियो । तर आचार्यले पद छोडेका थिएनन् ।

सोमबार भने आचार्यले राजीनामा दिएपछि गठबन्धनका तर्फबाट राजेन्द्र राईको उम्मेद्वारी परेको छ । यो सँगै प्रदेश-१ मा चार वर्षभित्रै तीन जना मुख्यमन्त्री बन्दैछन् । तीन अगाडि मात्रै बागमती प्रदेशमा पनि तेस्रो मुख्यमन्त्री नियुक्त भएका थिए । यो प्रदेशमा पनि एकीकृत समाजवादीकै नेता राजेन्द्र पाण्डे गठबन्धनको समर्थनमा मुख्यमन्त्री नियुक्त बनेका थिए ।

शुक्रबार पाण्डेलाई गठबन्धनका ५९ सांसदले समर्थन गरेका थिए । एमाले नेता शाक्यले ७१ दिनपछि राजीनामा दिएपछि पाण्डे मुख्यमन्त्री नियुक्त भए । यो प्रदेशमा पनि एमाले विभाजनकै कारण सरकार बदलिएको थियो । १०९ मध्ये एमालेसँग ५६ सांसद थियो । तर १३ सांसदले एकीकृत समाजवादी रोजे । सँगै, एमाले नेतृत्वको सरकार अल्पमतमा परेको थियो ।

प्रदेश-१ र बागमतीमा एमाले विभाजनका कारण गठबन्धनको सरकार बन्यो । तर अन्य प्रदेशमा भने तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनकै कारण सरकार परिवर्तन भइसकेको थियो । त्यसे मध्ये गण्डकी र लुम्बिनीमा एमाले नेता मुख्यमन्त्री थिए । नेकपा विभाजन सँगै लुम्बिनीमा एमाले नेता शंकर पोखरेल अल्पमतमा परेका थिए । २३ फागुनमा नेकपाको एकता प्रक्रिया भंग भएपछि एमाले र माओवादी केन्द्र ब्युतिएको थियो । प्रदेशमा एमाले पहिलो दल भएपनि बहुमत थिएन । तर पोखरेलले सहज रुपमा राजीनामा दिंदा एमालेको सांसद संख्या समेत घट्दै गयो । अहिले चार सांसद गुमाउँदै एमालेमा ३७ सांसद मात्रै छन् ।

पोखरेल अल्पमतमा परेर गएको २८ साउनमा पदमुक्त भएका थिए । ८७ मध्ये ८० सांसद अहिले प्रदेशसभामा छन् । त्यसमध्ये माओवादीनेता कुलप्रसाद केसी ४२ सांसदको समर्थनमा मुख्यमन्त्री छन् । त्यसअघि २९ जेठमा गण्डकी प्रदेशबाट एमाले नेता पृथ्वीसुब्बा गुरुङ पदमुक्त भएका थिए । यो प्रदेशमा काँग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री छन् । एमाले इतर गठबन्धनबाट ६० सदस्यीय प्रदेशसभामा पोखरेलले ३१ सांसदको समर्थनमा मुख्यमन्त्री बने ।

कर्णालीमा माओवादी केन्द्रका नेता महिन्द्रबहादुर शाहीले गएको ३ वैशाखमा मुख्यमन्त्रीमा विश्वासको मत पाएका थिए । सोमबार मात्रै शाहीले राजीनामा दिएपनि यो प्रदेशमा काँग्रेस नेतृत्वमा सरकार बन्ने भएको छ । अर्थात् एमाले प्रतिपक्षमै रहनेछन् । यो प्रदेशमा १५ सांसद सहित अहिले पनि सवैभन्दा ठूलो दल हो । कर्णालीमा माओवादी केन्द्र १२, काँग्रेस ६, एकीकृत समाजवादी एक र जनमोर्चासँग एक सांसद छन् ।

सूदुरपश्चिम प्रदेशमा पनि गठबन्धन सरकार छ । गएको २५ जेठमा एमालेकै १७ सांसदले विश्वासको मत दिएपछि माओवादीका नेता त्रिलोचन भट्ट मुख्यमन्त्रीमा कायम छन् । त्यसबेला काँग्रेसका १२ सांसद तटस्थ बसेका थिए । तर एमाले विभाजित भएपछि १४ सांसद मात्रै एकीकृत समाजवादीतिर लागेका छन् । काँग्रेसको समर्थन रहँदा यहाँ पनि एमाले विपक्षमै हुनेछन् । प्रदेश-२ मा एमाले पहिलेबाटै विपक्षमा थियो । बरु एमाले इतर गठबन्धन बनेसँगै प्रदेश सरकारले दुई तिहाइको समर्थन पाएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) १५ र एमालेका ८ सांसद मात्रै विपक्षमा छन् । एमाले सातै प्रदेशमा विपक्षी दल बन्नुमा भने तत्कालीन नेकपा र पछि एमालेको एकता नजोगिनु हो । अब एमाले संघ देखि सातै प्रदेशमा विपक्षी दल बन्न पुगेको छ । गएको २८ असारमा सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गर्दै काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश दिएको थियो । देउवा प्रधानमन्त्री बनेसँगै प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल एमाले भने सवैतिर विपक्षी दल बन्न पुगेको छ ।

### कर्णालीमा....

भएसँग प्रदेशसभामा १६ जना एमाले सांसद थिए । तर दुई जनाले एकीकृत समाजवादी रोजेका छन् । बहुमत हुँदाहुँदै मुख्यमन्त्री शाहीले राजीनामा दिनुमा भने विश्वासको मत पाउनुअघि काँग्रेसँग भएको सहमति हो । सोमबार मुख्यमन्त्री शाहीले राजीनामा दिने क्रममा काँग्रेस नेतृत्वको सरकार बन्ने बताए । अर्थात्, कर्णालीमा पनि चार वर्षको अवधिमा दुई मुख्यमन्त्री बन्ने भएका छन् । बागमती र प्रदेश-१ मा तीन/तीन जना मुख्यमन्त्री फेरिएका छन् । गण्डकी र लुम्बिनीमा दुई/दुई जना मुख्यमन्त्री बनिसकेका छन् । बागमतीमा अझै अर्को मुख्यमन्त्री बन्ने संभावना कायमै छ । किनभने काँग्रेसले एकीकृत समाजवादीका नेता राजेन्द्र पाण्डेलाई मुख्यमन्त्रीमा समर्थन गरिरहँदा आलोपालोको प्रस्ताव गरेका थिए ।

अर्थात् एमाले सरकार सवै प्रदेश र संघबाट बाहिरिदै गर्दा अहिलेको सत्तारुढ गठबन्धनमा शक्ति सन्तुलन मिलाउन सकस देखिएको छ । प्रधानमन्त्री नियुक्त भएको ८८ दिनपछि शेरबहादुर देउवाले संघीय सरकारको मन्त्रिपरिषद् बिस्तार गर्नुमा पनि सत्तारुढ गठबन्धन बीच शक्ति सन्तुलनमा सकस देखिनु नै थियो । सोमबार मात्रै सुदूरपश्चिम प्रदेशमा नेकपा (एकीकृत समाजवादी) ले आफ्नो नेतृत्वमा सरकार बनाउनुपर्ने प्रस्ताव अगाडि सारेका छन् । यो प्रदेशमा एकीकृत समाजवादी सवैभन्दा ठूलो दल हो । ५२ सदस्यीय प्रदेशसभामा एकीकृत समाजवादीसँग १४ सांसद छन् । तर यो प्रदेशमा माओवादी केन्द्रका नेता त्रिलोचन भट्ट मुख्यमन्त्री छन् ।

### राजीनामा ..

दिएका छन् । तर प्रधानन्यायाधीश जबराले भने महाअभियोग बाहेक अरुबाट नहट्ने चेतावनी दिएका छन् । दलहरुले भने महाअभियोगबारे संकेत दिएका छैनन् । बरु, शुक्रबार मात्रै संसद्को अधिवेशन अन्त्य गरिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा विदेश भ्रमणमा निस्किएका छन् । तर नेपाली काँग्रेसभित्रै अदालतको समस्याबारे छलफल गरिनुपर्ने माग चर्कोगरी उठेको छ । सत्तारुढ साझेदार दलहरुभित्रै यसबारे छलफल गरिनुपर्ने दबाव बढेको छ । जनदबाव बढेको र अदालतको न्यायिक सम्पादन अवरोध कायमै रहेकाले सत्ता साझेदार दलका नेताहरुले यसबारे छलफल थाल्ने तयारीमा जुटेका छन् ।

एक नेताका अनुसार, प्रधानन्याधाशी जबराले अदालतको समस्या हल नगरे संसद्बाट निकास दिने तयारी भएको छ । "प्रधानमन्त्री फर्केपछि यसबारे छलफल गर्ने तयारी भएको छ । सधैंभर अदालतलाई बन्धक बनाउने र जनविश्वास गिराउन सकिदैन", ती नेताले भने । उनका भनाइमा छलफल भनेको महाअभियोगकै प्रस्ताव अगाडि बढाउने तयारी हो ।

### उपराष्ट्रपतिद्वारा....

मुस्लिम राष्ट्रहरू नेपालप्रति सकारात्मक रहेको भन्दै नेपालले आफ्नो कुटनैतिक कौशलता प्रदर्शन गरी योजना बनाएर सहयोग लिन सक्नुपर्ने बताइन् ।

कार्यक्रममा मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारी, एकीकृत समाजवादीका केन्द्रीय सदस्य तथा मुस्लिम फाँट इन्चार्ज ताज मोहम्मद मियाँ, संविधानसभा सदस्य मोहम्मद र प्रकाशन संस्था घोष्ट राइटिङ नेपालका अध्यक्ष कमल ढकाल, पत्रकार टंक पन्त लगायतले सफलताको शुभकामना व्यक्त गर्दै कतार जाने हर एक मानिसले बोक्नै पर्ने पुस्तकको रुपमा प्रों मिया'द्वारा लिखित पुस्तक 'मैले देखेको कतार' लाई लिन सकिने बताए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/०८/१६ मा दर्ता भएको प्रा. लि. नं. ६८१९५ को कंचनजङ्गा वाटर सर्भिस प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**साउदीमा रोजगार** | कम्पनी: **ALIMANSOOR AL MARZOOQ CONTRACTING EST**
शहर: Saudi

पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४७८ L.T. No.: 234802 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY DRIVER | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २३ गते (9 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
**Ishan International Overseas Pvt. Ltd.**
New Baneshwor-34, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com


## बागमती गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

**आन्तरिक आयतर्फको ढुंगा, गिटी, बालुवा, ग्रावेल भरान (माटो) उत्खनन् तथा बिक्री वितरण सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०७/१६ गते**

स्थानीय निकाय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६), बागमती प्रदेश सरकारको आर्थिक ऐन २०७८ को दफा ९(१) र सो सँग सम्बन्धी अनुसूची ६ (संसोधित), गाउँ कार्यपालिकाको निर्णय र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण २०७७ (IEE) प्रतिवेदन तथा नदीजन्य पदार्थ (संकलन तथा उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७७ मा व्यवस्था भए अनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको (ठेक्का वन्दोवस्त) कार्य उल्लेखित न्यूनतम ठेक्का अंङ्कमा नघटने गरी आ.व. २०७८/७९ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म वा संस्था वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर प्रमाण पत्र आ.व. २०७६/७७ को कर चुक्ता प्रमाण पत्र साथै म्याद थप भएको कागजात एवम् २०७७/०७८ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इ-विडिङ मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन साथै बोलपत्र पाइने स्थान, दस्तुर, बिडबोण्ड पेश गर्ने, खोल्ने स्थान अन्य शर्तहरुका विस्तृत विवरण सहितको सूचना यस गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटी र Website:**www.bagmatimunlalitpur.gov.np** हेर्न सकिनेछ ।

**तपसिल**

| आय ठेक्का नं. | ठेक्का शीर्षक | न्यूनतम बोल कवोल र कम (भ्याट बाहेकको रकम) | नदी तथा खोलाको विवरण | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ अनुसार उत्खनन् गरिने घाटको विवरण | उत्खनन, विक्री र निकासी प्रति क्यु. फिट | संकलन र विक्री गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|---|---|
| BAGL/NCB/078/079-04 | ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) उत्खनन | १३१७०००० (एक करोड एकतीस लाख सतरी हजार रुपैया मात्र) | १. खानी खोला<br>२.बागमती खोला | भस्मे दोभान | रु. ९ (उत्खनन् ३ र निकासी ६) | ११३०००० घन फिट (एघार लाख तीस लाख घन फिट) |
| | | | | क्लवन बगर | | |
| | | | | यास्पा बगर (क) | | |
| | | | | यास्पा बगर (ख) | | |
| | | | | मसानघाट (क) | | |
| | | | | मसानघाट (ख) | | |
| | | | | बागमती खोला -खानी खोला दोभान बगर | | |
| | | | | माल्टा बगर | | |
| | | | | भस्मे बगर १ | | |
| | | | | भस्मे बगर २ | | |
| | | | सुशील खड्का खानी (निकासी र बिक्री मात्र) | सुशील खड्का खानी लगायत अन्य | रु. ६ (निकासी ६ मात्र) | ५००००० (पाँच लाख घन फिट) |

प्रमुख प्रशासकीय अधिकृत

## घोडाघोडी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१६**

यस घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७८/०५/२४ मा E-Bidding (**www.bolpatra.gov.np/egp**) मार्फत यस नगरपालिकाको बिभिन्न ठाउँमा **Premix Carpeting Works of Doke Bazar (Mahendra Highway) to Ward Office Road Works (Ward no. 5)(Chainage 1+500), Mahendra Highway to Homestay Road Works (Ward no. 4)(Chainage 1+780), Rajmarg Dekhi Division Forest Tulsipur Road Works (Ward no.10)(Chainage 1+500) & Ward No.1 & 8 Road (Sukhad Lathuwa Road) Works (Ward no. 1 & 8)(Chainage 1+380)(Concract No.NCB/GMUN-WORK/02/078/079)** कार्यको वोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले स्वीकृतिको लागि सिफारीस भई आए बमोजिम, सार्वजनिक खरिद नियमावाली २०६४(सातौं संशोधन २०७६) को नियम ३१ ड को उपनियम (५) बमोजिम तपशिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको सूचना सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र.सं. | फर्मको नाम | ठेगाना | बोलपत्र खोलिने स्थान, मिति र समय |
|---|---|---|---|
| 1 | Swar/Anju J.V. | Dhangadhi, Kailal | मिति २०७८/०७/२३ गते, दिउसो १:०० बजे घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुखड, कैलाली |
| 2 | K S / Tedi / Manilek Joint venture | Dhangadhi-2,Kailali | |
| 3 | Narayanam-Rekha Joint Venture | Nepalgunj-24, Banke | |
| 4 | Shivako/Prasansha/J.B. J/V | Pahalmanpur-01, kailali | |
| 5 | UCHCHAKOTI-MOHAN-UCHCHAKOTI JV | Dhangadhi Sub-Metropolitane City Ward No-3, Kailali | |

प्रमुख प्रशासकिय अधिकृत


**साउदीमा रोजगारको अवसर** | १. कम्पनी: **AL-MATRIK ENVIRONMENTAL SERVICES COMPANY**
शहर : RIYADH

पूर्व स्वीकृत मितिः२०७८/०७/१२ चलानी नं.:६०१६६५८४ LT. No.: 249514

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २३ गते (9 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Metta International Pvt. Ltd.**
मेनपावर बजार काठमाडौं, फोन: ४११२९७६, ४११२९७७, Fax.: 4112978
Email- info@mettaint.com, mettainternational@gmail.com Web.: www.mettaint.com

# माटाका पाला बनाउन भ्याइनभ्याइ





दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
कात्तिक १५ भक्तपुर

तिहार नजिकिँदै गर्दा माटाका भाँडाकुँडा बनाउने व्यवसायीहरुलाई यतिबेला भ्याइनभ्याइ भएको छ । नजिकै आएको नेपालीहरुको दोस्रो ठूलो महानचाड तिहारको लागि यतिखेर माटोको पाला, खुत्रुके लगायतका सामान बनाउन भ्याइनभ्याइ भएको हो ।

अरुबेला भन्दा तिहारको समयमा माटोको पाला र खुत्रुकेको खपत र माग दिनहुँ बढ्दै गएको छ ।बजारमा पालाको माग बढेसँगै भक्तपुरका प्रजापती समुदायलाई यतिखेर पाला, खुत्रुके बनाउने, सुकाउने र पोलेर तयार गरी बजार पठाउन भ्याइनभ्याइ भएको छ । प्राय:जसोले तयारगरी बजार पठाइसके भने केहिले पठाउन तयारी गर्दैछन् ।

तालक्वका ७१ वर्षीय न्हुँछे बहादुर प्रजापतिले भने पाला भन्दा अरुनै सामान तयार गर्दैछन् । उनले यस पटक पाला बनाउन भ्याएनन् । उनले व्यव्सायिक रुपमा पाला बनाउनेहरुसँगै किनेर बिक्री गर्दैछन् । उनको पसलमा विभिन्न किसिमका माटाका पर्यटकीय सामग्री, सजावटका भाँडाकुँडाहरु बिकीहुन्छ । त्यसैले उनले यस पटक पाला बनाएनन् । उनले १ हजार पालाको एक हजार सात सयमा किन्छन्। दर्जनको २५ देखि ३० रुपैयाँसम्म बिकी गर्छन् ।

उनले आफुले नबनाएपनि भाइहरुले बनाइको पाला बेच्छन् । उनी अहिले यो सिजनमा खुत्रुके बढी बिक्ने भएकोले खुत्रुके बनाउन लागेका छन् । तर पहिलेको तुलनामा पाला र खुत्रुके बनाएर नभ्याउने उनी बताउँछन् । 'उमेरले बुढेसकाल छोएपनि कार्यशैली परिवर्तन भएको छैन' उनी भन्छन् । सानै उमेरदेखि काम सिकेपनि २० वर्षदेखि निरन्तर यो व्यवसायमा लागेका उनी पहिले माटोका घ्याम्पो, हाँडी, हासी, डुबली, पाला, टेपो आदी बनाउने गरेपनि परिस्कृत हुँदै अहिले पर्यटकीय सजावटका भाँडाकुँडाहरु बनाउन थालेको धेरै वर्ष भएको बताउँछन् ।पहिले धेरै गाह्रो थियो । उनी भन्छन्, 'खर्पनमा भाँडा राखेर डुलाउँथे र सट्टामा अन्न ल्याउँथे । हामीले त गरेनौँ तर हाम्रोबाट भाँडाहरु चाही धेरै लान्थे ।' उनी विगत सम्झन्छन्, 'नेवारहरुको भोजभतेरको समयमा पाला बनाएरै नभ्याउने हुन्थ्यो । अहिले दियो बनाएजस्तै तर त्यो दिन कता गए ? अहिले त पेपर र प्लास्टिकले बजार खाइसके ।'

पुर्खौली पेसा धान्दै आएका अर्का व्यवसायी हुन्बालरत्न प्रजापति । उनले यो वर्ष पहिलेको भन्दा दोब्बर बढी पाला बनाए ।गत वर्ष कोरोनाले गर्दा पाला त्यति बेच्न पाएनन् । यसपटक माग पनि बढेकाले बढी बनाएको बताउँछन् ।

बाहिरी जिल्लाबाट पनि माग भएकोले यो वर्ष पहिलेको भन्दा बढी बनाएको र बिकी पनि त्यही अनुसार भइरहेको बताए ।लक्ष्मी पूजाका दिन पाला धेरै बिकी हुन्छ । साथै धुपौरो, खुत्रुकेलगायतका सामग्री पनि उतिकै बिकीहुन्छ। बाहिरी जिल्लाबाट समेत पाला, धुपौरो र खुत्रुकेको माग बढी आउने भएकाले विभिन्न पर्यटकीय सामग्री बनाउने कामलाई थाँती राखेर भएपनि बिकी हुने सामग्री बनाउने काममा अहोरात्र खटिने गरेको बताए । अचेल तालक्वका प्रजापती समुदायको दिनचर्या नै पाला लगायत तिहारमा बिक्ने सामग्री तयार गर्ने कार्यमै बित्ने गरेको उनले बताए। अहिले भक्तपुरका तालक्व टोलका प्रजापतीहरु भूकम्पले गर्दा विभिन्न स्थानमा घर बनाइ बसेकाछन् । भक्तपुरकै लिवाली, तुमुचो, च्याम्हासिंह र सूर्यविनायकका प्रजापतीहरु समेत अन्य भाँडा बनाउने कार्यलाई थाँती राख्दै पाला, धुपौरो, खुत्रुके बनाउनमै व्यस्त भएकाछन् ।

काठमाडौं स्वयम्भुका अनिता मर्हजनका अनुसार धनकी देवी लक्ष्मीलाई घरमा भित्र्याउन तिहारमा झिलिमिली बत्ती बाल्ने परम्परले गर्दा घरको दैलो, झ्याल ढोका, कौसी, बरण्डालगायत स्थानमा पालाको दियो, बाली झिलिमिली पार्ने परम्परा छ । बजारमा विभिन्न किसिमका चाइनिज झिलिमिल्ली बत्तीहरु आएपनि पालाको अस्तित्व नमेटिनेगरी मानिसहरुले पालानै बाल्ने गरेको कारणले गर्दा छुट्टै किसिमको उत्साह हुने बताइन्। छोटु जयसवाल भाँडाकुँडाका घुमन्ते व्यापारी हुन् । उनी भाँडाकुँडाका स-साना आइटम बाटोमा पाल ओछ्याएर बेच्छन् । उनलेपनि माटोका पाला किनेर बेच्ने गरेका छन् ।

उनले माटोका पालाबाटै दिनको ३ देखि ४ हजार कमाउँछन् । पछिल्लो समय तिहारमा बत्ती बाल्नकै लागि विद्युतिय झिलिमिली बत्तीको मागसमेत उच्च हुने गरेको छ ।


## शिवसताक्षी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्याङ्डाडा, झापा
१ नं प्रदेश नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**प्रकाशित मिति २०७८/७/१६ गते**

यस कार्यालयको मिति २०७८/०६/०४ मध्यान्ह दैनिकमा प्रकाशित सूचनानुसार E–bidding मार्फत पेश भएका बोलपत्रहरु मध्ये यस कार्यालयको मिति २०७८/०७/१५ गतेको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु भ्याट बाहेक |
|---|---|---|---|
| SM/NCB/03/2078-79 | PROCUREMENT OF MEDICINE & SURGICAL | RAM LAXMAN PHARMECY, ITAHARI | 2535961.8 |



## Shadananda Municipality
### Office of Municipal Executive
**Province 1, Dingla- Bhojpur**

### Invitation for Online Bids

**Date of Publication: 2078/07/16**

1. Shadananda Municipality, Bhojpur invites electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding:

| S.N. | Contract ID | Description of works | Bidding Procedure | Estimated Amount (with VAT and PS) NRs. | Bid doc. fee NRs. | Bid security amount NRs. | Bid validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | Shadmun/W/NCB/05/078/79 | Construction of Mayor Sadak (Dingla Chiuribote Lyang Sombare Bauliya Tabu Lankhuwa Solu) | Single stage single envelope | 53,77,250.92 | 3,000.00 | 1,35,000.00 | 90 days |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Shadananda Municipality, Dingla-Bhojpur, Province 1- Nepal, Phone no 029-421124, email: shadanandanagarpalika@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically from PPMO's Web Site www.bolpatra.gov.np/egp.. &should deposit the cost Rs 3000.00 of bidding document in the Project's Rajaswa account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank Limited.**
   Name of the Office: **Shadananda Municipality**
   Office Code No.: **801010702**
   Office Revenue Account: **ga-1-1-2290100301010002 (For the cost of Bid Document)**
   Office Dhaurati Account: **ga-3-2290100303000002 (For the deposit of Bid Security Amount)**
4. Pre-bid meeting shall be held at ***Shadananda Municipality, Dingla*** at 21st day of notice publiced.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp before12:00 of 31st day . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 0f31st day of notice published*** at the office of ***Shadananda Municipality, Dingla, Bhojpur***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format , amount of ***Rs.1,35,000.00*** which shall be valid for 30days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject all the bids without assigning any reasons,whatsoever.

**Chief Administrative Officer**



## कतारमा रोजगारको अवसर | १. कम्पनी: GULF WAREHOUSING COMPANY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७५२ LT. No.: 244191 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 44 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 56 | 0 | | 1750 | ५७,१०२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ कार्तिक २३ गते (9 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४०८/०६०/०६१

### डायना ओभरसिज प्रा. लि.
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८



## CYPRUS मा रोजगार | कम्पनी: COSTAS THEODOROU
शहर: Cyprus

पूर्व स्वीकृत मितिः २०७८/०५/०१ चलानी नं.: ६०१६१५३४ LT. No.: 244054 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker Female | 0 | 8 | सम्बन्धित काममा दक्ष | 314 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer (Male) | 12 | 0 | | 650 | ८९,८२३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक २३ गते (9 Nov. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

### कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४४२४१५२, ४४१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com



## साउदीमा रोजगार | १. कम्पनी : YOUSUF MATAR BIN MANEA AL ZAMANAN FOUNDATION FOR BEVERAGE SERVING
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०७/१५ चलानी नं.: ६०१६६७३१ LT. No.: 248350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २३ गते (9 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

### Gulf Asia Manpower Pvt. Ltd.
Govt. Lic. No. 1278/074/075
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Phone: 01-4595065
Mobile No.: 9823001406, 9823001407 | Email : cvgulfasia78@gmail.com



## युएईमा रोजगार | कम्पनी : DISCOVERY EMPLOYMENT SOLE PROPRIETORSHIP L.L.C
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/१५ चलानी नं.: ६०१६६७२७ LT. No.: 249664

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUILDING LABOURER | 300 | 0 | स. काममा दक्ष | 800 | २६,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
